**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की। ०७७ वैशाख ८ गते**
गण्डकी प्रदेशको स्याङ्जा र कास्की जिल्लाको सीमा नाका कुभिन्डेमा सेनिटाइजर टनेलको स्थापना गरिएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार वैशाख ८ गते देखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पूर्व गेटमा स्वचालित सेनिटाइजर टनेल राखिएको छ । अस्पताल आउने मानिसहरू टनेलबाट प्रवेश गरेर मात्र भित्र जाने व्यवस्था गरिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।
कास्कीमा ५ सय ७० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ भने १ सय ४८ जनाको स्वाब परीक्षण गरिएको छ । जस मध्ये १ सय ४४ जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको र चार जनाको नतिजा आउन बाँकी रहेको छ ।
पोखरा महानगरपालिकाले कोरोना भाइरसको सङ्क्रमणका कारण देश भरी लकडाउन भएकाले न्यायिक समितिमा अनलाइन मार्फत पीडितले न्यायिक उजुरी दिन सक्ने व्यवस्था सुरू गरिएको पोखरा महानगरपालिकाका उपप्रमुख एवंम न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार गलकोट नगरपालिकामा भारतबाट आएका दुई जनाको वैशाख ७ गते स्वाब परीक्षणको लागि पठाइएको रिपोर्ट नेगेटिभ आएको छ । ताराखोला गाँउपालिकाले बजार अनुगमन गर्दा पाइएका म्याद सकिएका खाद्यपदार्थ र औषधिहरूलाई नष्ट गरेको छ । बागलुङ नगरपालिकामा रहेको रामरेखा मावि मा जिल्ला प्रहरी कार्यालयले उद्धार गरेको ५८ जना मजदुरको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खानाले जानकारी दिनुभयो ।
रोल्पा र रूकुम सहित मुस्ताङ, ओखलढुङ्गा, काभ्रेपलाञ्चोक घर भएका उनीहरू लकडाउनका कारण अलपत्र परेकाले उनीहरूको उद्धार पश्चात बागलुङ नगरपालिकाले निर्माण गरेको क्वारेण्टाइनमा रहेका छन् ।
आरडीटी परीक्षण रिपोर्ट नेगेटिभ आएपछि उनीहरूलाई जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय बागलुङ र बागलुङ नगरपालिकाले घर पठाउने तयारी गरिरहेको छ । वैशाख ८ गते सम्म जिल्लामा १ हजार १ सय ५८ जनाको र्‍यापीड टेस्ट गरिएको छ ।
वैशाख ८ गते जनजागृती मावि गलकोटको क्वारेण्टाइनमा बसेका तीन जनालाई २१ दिन पछि घर पठाइएको छ । उनीहरूको अवस्था सामान्य रहेको थियो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार वैशाख ८ गते शहिद लखन गाउँपालिकाको मनकामनामा १६ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय गोरखाका कोरोना फोकल पर्सन नारायणबाबु अर्यालले बताउनुभयो । उहाँले वैशाख ७ गते परीक्षणको लागि टेकु पठाइएको तीन जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको बताउनुभयो ।

भूकम्प पछिको पुनर्निर्माण र विकासका कामका लागि आएका मजदुर लकडाउनले अलपत्र परेपछि उद्धारका प्रयासहरू भइरहेका छन् । सुर्खेत, बाँके र रूकुम पुग्ने १३ जना मजदुरलाई गोरखा बजारबाट नारायणगढ सम्म प्रहरीले ट्रक चढाएर पठाएको छ ।
भिमसेन थापा गाउँपालिका, वगुवा स्थित लामाचौरमा भूकम्प पीडितका लागि सामूहिक वस्ती निर्माणका लागि तीन महिना अघि आएका मजदुर लकडाउन लम्बिदै जादाँ काम नभएको र खानबस्नको समस्या भएपछि घर फर्किएको बताए । अझै पनि कतिपय पैदल गाउँ फर्किने मजदुरहरू गोरखा आबुँखैरेनी सडकमा भेटिन्छन् ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख ८ गते ८६ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ४ सय २ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ । वैशाख ८ गते थप एक जनाको स्वाब परीक्षणको लागि कोरोना अस्पताल भरतपुर पठाइएको छ । परीक्षण गरिएको सबैको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतमा लकडाउनको अबस्था सामान्य रूपमा लागु भइरहेको छ । यातायातका साधनमा कडाइ गरेपनि बजार क्षेत्रमा हिँड्डुल गर्ने सर्वसाधारणहरूको क्रम बढिरहेको छ । पोखरा बागलुङ राजमार्ग हुँदै देशका विभिन्न ठाउँमा पैदल घर जाने र फर्किने यात्रुहरूलाई खाना ख्वाउन थालिएको छ । पर्वतको मोदी गाउँपालिकाका विभिन्न संघसंस्थाको पहलमा सडकमा यात्रा गर्नेलाई खाना ख्वाउन थालिएको हो ।
सडकमा भोकभोकै हिँड्नेहरूको पीडा देखेर स्थानीयहरूले आफैं आर्थिक जोहो गरेर वैशाख ७ गते बाट मेस सञ्चालन गरी खाना ख्वाउन थालेको नेपाल रेडक्रस सोसाइटी तिलाहार देउपूर उपशाखाका सभापति दिपेन्द्रजङ्ग लामिछानेले जानकारी दिनुभयो । मोदी युवा क्लबले व्यवस्थापन गरी डिमुवा टोल विकास संस्था, स्थानीय युवा क्लव र रेडक्रस सोसाइटी लगायतका संघसंस्थाले खाना खाने व्यवस्था गरेको लामिछानेले जानकारी दिनुभयो । कुश्मामा पनि शिवालय माविमा मेस सञ्चालन गरी खाना ख्वाउन थालिएको छ ।
मुस्ताङ, म्यादी,बागलुङ कार्यक्षेत्र रही घर फर्कने क्रममा कुश्मा बजारमा बस्न बाध्य भएका यस्ता ज्यालादारी मजदुरलाई खाना खाने व्यवस्था गरेको कुश्मा नगरप्रमुख रामचन्द्र जोशीले जानकारी दिनुभयो । यात्रुहरूलाई प्रशासनले रोकेपनि पैदल हिँड्नेहरू रोकिएका छैनन ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ८ गते सम्म ५ सय ४८ जनाको कोरोना परीक्षण गरिएको छ । विदेशबाट आउने व्यक्तिको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट १० ओटै स्थानीयतहमा कोरोनाको नमूना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका सबैको रिर्पोट नेगेटिभ आएको छ । उहाँले वैशाख ८ गते चार जनाको स्वाब परीक्षणको लागि पोखरा पठाइएको र रिर्पोट आउन बाँकी रहेको जानकारी दिनुभयो । यसअघि १२ जनाको स्वाब परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको थियो ।
यसैबीच कोरोना रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी जिल्ला स्तरीय समन्वय समिति तनहुँले चैत ८ गते जिल्लाको आबुँखैरेनी, बन्दिपुर र देवघाट गाउँपालिकाले कोरोना नियन्त्रण र रोकथामको लागि

चालेको कदम र राहत वितरणको प्रक्रियाको बारेमा जानकारी लिएको छ । समितिका संयोजक एवंम प्रमुख जिल्ला अधिकारी बद्रिनाथ अधिकारीको नेतृत्वको टोलीले ती गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष एवंम सरोकारवालाहरूसँग अन्तरक्रिया गरी कोरोना भाइरसको जोखिम न्यूनीकरणको लागि लगाइएको लकडाउन र त्यसले पारेको प्रभाव तथा विदेशबाट आउने नागरिकको कोरोना परीक्षण एवंम राहत वितरणको प्रक्रियाको बारेमा जानकारी लिएको हो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ८ गते कसैको पनि स्वाब परीक्षणको लागि पठाइएको छैन । हाल सम्म म्याग्दी जिल्लामा १ सय ५० जनाको र्‍यापीड टेष्ट गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ८ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ६२ जनाले सेवा लिएका छन् र २२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको छ । बेसिशहर नगरपालिकाको क्वारेण्टाइनबाट दुई जना घर फर्केका छन् । हालसम्म जिल्लामा १ सय ८५ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**